# प्रेस विज्ञप्ति

मिति २०७४/१०/११

सम्माननीय प्रधानन्यायाधीश श्री गोपाल पराजुलीले उच्च अदालतका नवनियुक्त चार जना मुख्य न्यायाधीशलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउनुभएको छ ।

सर्वोच्च अदालतमा आयोजित विशेष समारोहमा सम्माननीय प्रधानन्यायाधीश पराजुलीले उच्च अदालतका नवनियुक्त चार जना मुख्य न्यायाधीशहरु माननीय श्री नहकुल सुवेदी, माननीय श्री उदय प्रकाश चापागाई, माननीय श्री यज्ञप्रसाद बस्याल र माननीय श्री हरिकुमार पोखरेललाई पद तथा गोपनियताको सपथ ग्रहण गराउनुभएको हो । न्याय परिषद्ले गत २०७४ पुस २० गते रिक्त ४ मुख्य न्यायाधीशमा नियुक्तिको सिफारिस गरेको थियो ।

न्यायपरिषद्ले नियुक्तिको सिफारिस गर्दै नवनियुक्त मुख्य न्यायाधीश माननीय श्री नहकुल सुवेदीलाई उच्च अदालत तुलसीपुरमा पदस्थापनका लागि सिफारिस गरेको थियो । सुवेदी यसअघि सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारमा कार्यरत हुनुहुन्थ्यो । यस्तै उच्च अदालत जनकपुरमा कार्यरत न्यायाधीश माननीय श्री उदय प्रकाश चापागाईलाई जनकपुरकै उच्च अदालतको मुख्य न्यायाधीशमा, उच्च अदालत जनकपुर, विरगञ्ज इजलासमा कार्यरत न्यायाधीश माननीय श्री यज्ञप्रसाद बस्याललाई उच्च अदालत दिपायलको मुख्य न्यायाधीशमा र उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा कार्यरत न्यायाधीश माननीय श्री हरिकुमार पोखरेललाई उच्च अदालत सुर्खेतको मुख्य न्यायाधीशमा सिफारिस गरेको थियो ।

संविधानको धारा १४० को उपधारा १ बमोजिम उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति प्रधान

न्यायाधीशले न्याय परिषद्को सिफारिसमा गर्ने व्यवस्था छ । संविधानको सोही धारा बमोजिम सम्माननीय प्रधानन्यायाधीश पराजुलीले आज पद तथा गोपनियताको सपथ ग्रहण गराउनुभएको हो । सर्वोच्च अदालमा आयोजित विशेष समारोहमा कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्री माननीय श्री यज्ञबहादुर थापा, सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश माननीय श्री दीपकराज जोशी, सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु, न्याय परिषद्का माननीय सदस्यहरु, उच्च अदालत पाटनका मुख्य न्यायाधीश, महान्याधिवक्ता, विशेष अदालतका अध्यक्ष, नेपाल बार एशोसिशनका अध्यक्ष तथा महासचिव, सर्वोच्च अदालत बार एशोसिएशनका अध्यक्ष तथा न्याय सेवाका विशिष्ट श्रेणीका अधिकृतहरु समेतको उपस्थिती थियो ।

नारायणप्रसाद पन्थी

प्रवक्ता (सह रजिस्ट्रार)